॥ सत्यं वदामः, तथ्यं प्रकाशयामः ॥ ॥ जनहिताय सञ्चारः, समाजहिताय प्रयासः ॥

# कृपा राष्ट्रिय दैनिक

ekripa.com
ईकृपा डटकम
www.ekripa.com

बर्ष २३, अंक-१९९ बारा, २०८३ भदौ २४ गते बुधबार / त्रयोदशी / नेपाल संवत् ११४६ / Wednesday, September 9 2026 / पृष्ठ १८ /मूल्य रू. ५/- पाँच

## सवारी दुर्घटना जोखिमयुक्त स्थानमा रिफ्लेक्ट स्टिकर

बारा,२३ भदौ/बाराको मानमत( मटिअर्वा सडकमा दुर्घटना जोखिमयुक्त स्थानमा दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले रिफ्लेक्ट स्टिकर टाँस्ने अभियान सुरु गरिएको छ ।

सडकखण्डमा पर्ने जीतपुरसिमरा उपमहानगरपालिका( १८ बडहर्वास्थित मौवापैनी पुल आसपास क्षेत्रमा रातको समयमा हुने सवारी दुर्घटना नियन्त्रण गर्न डूम र बाँसका पिलरमा स्टिकर टाँसेर आजबाट अभियानको सुरुवात गरिएको हो । नेपाल पत्रकार महासंघ बारा शाखाका सचिव पुष्पराज खतिवडाको समन्वयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढले उपलब्ध गराएको स्टिकर टाँस्ने कार्य वडा अध्यक्ष चतुरबाबु वाग्लेको उपस्थितिमा सुरु गरिएको हो । कार्यक्रममा एमाले बारा सचिवालय सदस्य बसन्त खतिवडा, मौवादेवी युवा क्लबका अध्यक्ष निर्मल यादव, सामाजिक अगुवा भरत सुहाल तथा प्रहरी र ट्राफिक प्रहरीको सहभागिता थियो ।

ग्रामीण क्षेत्रमा सडकको दुरावस्था, ट्राफिक नियमको बेवास्ता र चालकको लापरवाहीका कारण दुर्घटना हुने गरेको भन्दै जोखिमयुक्त स्थान पहिचान गरी स्टिकर टाँस्न लागिएको हो । दुर्घटना ठूला सडक र सहरमा मात्र नभई गाउँका भित्री सडकमा समेत बढ्दै गएको सहभागीहरूले बताएका छन् ।



पत्रकार महासंघका सचिव खतिवडाले दुर्घटना न्यूनीकरणका लागि प्रहरी र समुदायलाई जोड्ने उद्देश्यले ‘जेन्जी दिवस’का अवसरमा अभियान सुरु गरिएको बताउनुभयो । उहाँका अनुसार रातको समयमा सडक तथा जोखिमयुक्त संरचना पहिचान गर्न रिफ्लेक्ट स्टिकर प्रभावकारी हुने अपेक्षा गरिएको छ । जीतपुरसिमराको वडा नम्बर १८ का बडहर्वा, उचिडी, मनहर्वा, लामीडाँडा र पैनिटोललगायत दुर्घटनाको जोखिम रहेका स्थानमा स्टिकर टाँस गरिने भएको छ । बाँकी स्थानमा मौवादेवी युवा क्लबको अगुवाइमा अभियान सञ्चालन गर्नेगरी आवश्यक स्टिकर क्लबलाई उपलब्ध गराइएको छ ।

ट्राफिक प्रहरी पोष्ट पिलुवाका इन्चार्ज रामजनम रायले क्लब अध्यक्ष यादवलाई स्टिकर हस्तान्तरण गर्नुभएको थियो । स्थानीय समुदायको सहभागितामा जोखिमयुक्त स्थान पहिचान गरी अभियानलाई निरन्तरता दिने बताइएको छ ।

## सिमरा खानेपानी विवाद : क्षति बिना नै २० हजार क्षतिपूर्ति लिएको ठहर

सिमरा, २३ भदौ/सिमरा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले क्षति नै नभएको घटनामा एउटा भारतीय मालवहाक ट्रकका मालिकसंग २० हजार रुपैयाँ असुलेको खुलेको छ ।

समितिले ट्रकको ठक्करबाट खानेपानीको पाइपमा क्षति भएकोभन्दै क्षतिपूर्ति बापत सो रकम असुल गरेको घटनाको छानविन गर्न गठन भएको समितिको प्रतिवेदनमा सो कुरा उल्लेख गरिएको हो ।

अनुचित रुपमा लिएको सो रकम १२ दिनसम्म संस्थाको बैंक खातामा दाखिला नगरिएको प्रतिवेदनमा उल्लेख छ । उपभोक्ताहरुको दबाबपछि गठित तीन सदस्यीय छानविन समितिले साउन २१ गते जीतपुरसिमरा( १ टेलिकम चोकमा भएको घटनाको छानविन गर्दै पाइपमा क्षति नभए पनि क्षतिपूर्ति दाबी गरिएको निष्कर्ष निकालेको हो । समितिले नौ पानाको प्रतिवेदन बुझाउँदै क्षतिपूर्ति दाबी र रकम बुझ्ने क्रममा संस्थागत प्रक्रिया पूरा नगरिएको जनाएको छ ।

घटनापछि खानेपानी समितिका अध्यक्ष युवराज न्यौपानेको मौखिक निर्देशनमा समितिका सचिव अमृत बस्यालले कार्यालयका लेखा सहायक सुरज वैद्यलाई क्षतिको विवरण तयार गर्न लगाउनुभएको थियो । वैद्यले २९



हजार ३ सय ४० रुपैयाँको अनुमानित लागतसहित क्षतिपूर्ति दाबी गरे पनि उक्त लागतमा प्राविधिकको हस्ताक्षर नभएको प्रतिवेदनमा उल्लेख छ ।

दाबी गरिएको रकममध्ये इलाका प्रहरी कार्यालयमार्फत साउन २७ गते २० हजार रुपैयाँ प्राप्त भएको थियो । लेखा सहायक वैद्यले उक्त रकम बुझेपछि बैंकमा दाखिला गर्ने तयारी गर्नुभएको थियो । तर सचिव बस्यालले रकम आफूलाई दिन भनेपछि वैद्यले रकम बस्याललाई बुझाउनुभएको जनाइएको छ । संस्थाको छापसमेत प्रयोग नगरी रकम बुझिएको प्रतिवेदनमा उल्लेख छ ।

रकम बुझेको जानकारी कोषाध्यक्षसहित अन्य पदाधिकारीलाई नदिइएको र १२ दिनसम्म बैंकमा दाखिला नभएपछि स्थानीयस्तरमा विरोध सुरु भएको थियो । त्यसपछि भदौ ७ गते बसेको समितिको बैठकले रकम बैंकमा दाखिला गर्न निर्देशन दिएको र भोलिपल्ट सचिव बस्यालले रकम दाखिला गरेको जनाइएको छ ।

स्थानीय युवाले घटनाको सत्यतथ्य सार्वजनिक गर्न माग गरेपछि भदौ ११ गते रामप्रसाद अधिकारीको नेतृत्वमा छानविन समिति गठन गरिएको थियो । समितिले क्षतिपूर्ति दाबी गर्दा आवश्यक प्रक्रिया पूरा नगरेको, रकम बुझ्दा संस्थाको छाप प्रयोग नगरेको र समयमै बैंकमा दाखिला नगरेको कार्य विधान तथा आर्थिक(प्रशासनिक नियमावलीविपरीत भएको ठहर गरेको छ । प्रतिवेदन सार्वजनिक गर्दै अध्यक्ष न्यौपानेले सचिव बस्याल र लेखा सहायक वैद्यलाई सचेत गराउने निर्णय गरिएको बताउनुभयो । उहाँले रकम दाखिला गर्न ढिलाइ हुनु नियतवश नभई प्रक्रियागत त्रुटि भएको दाबी गर्नुभएको थियो । प्रतिवेदनका सुझावमाथि आगामी कार्यसमितिको बैठकबाट थप निर्णय गरिने र अब तेस्रो पक्षबाट क्षतिपूर्ति लिँदा अनलाइन वा ‘एकाउन्ट पे’ चेकमार्फत मात्र रकम लिने व्यवस्था गरिने उहाँले बताउनुभयो ।

## एमाले फेरि जनताबीच स्थापित हुनेछ : महासचिव पोखरेल

महोत्तरी, २३ भदौ/नेकपा (एमाले) का महासचिब शङ्कर पोखरेलले आफ्नो पार्टी फेरि जनताका बीच सुदृढ भएर उभिने बताउनुभएको छ ।

मङ्गलबार धनुषाको लालगढमा एमाले पार्टी मधेश कमिटीले आयोजना गरेको ‘मिशन पार्टी जागरण अभियान’ को अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै पोखरेलले यस्तो बताउनुभएको हो । छ वटा ‘ज’ को अभियानले पार्टी सुदृढीकरण हुने बताउँदै यसमा दृढतापूर्वक उभिन सम्पूर्ण पार्टी पङ्क्तिलाई निर्देशन गर्नुभयो ।

महासचिव पोखरेलले छ ‘ज’ भन्नाले जनतामा जानु , जनताका मुद्दा उठाउनु , जनतासँग जोडिनु , जनताको प्रिय बन्नु , जनसङ्गठन व्यवस्थित रुपले परिचालन गर्नु र समाजवादी लक्षमा पुग्न पार्टीको मुख्य सिद्धान्त जनताको बहुदलीय जनवादको परिणाममुखी अभ्यास गर्नु रहेको स्पष्ट पार्नुभयो । यसपक्षलाई व्यवहारमा उतार्न सबै पार्टी सदस्य समर्पित हुन पर्ने पोखरेलको भनाइ छ । पार्टीलाई नयाँ पुस्तासँग




जोड् नसक्दा, युवा चासो सम्बोधन गर्न नसकिदा, पार्टीविरुद्ध सामाजिक सञ्जालमा आउने भ्रम चिर्न नसक्दा एवं संस्थागत निर्णय र छलफल कमजोर हुँदै गएर नेतामुखी बन्दा गत निर्वाचनमा पराजय भोगेको पोखरेलको स्वीकारोक्ति छ । “हामी चुनावमा हार्‍यौं, यो अनपेक्षित परिणाम हो” उहाँले भन्नुभयो, “हामी मटियामेट भएका होइनौ, फेरि उठ्ने हामीसँग सामर्थ्य छ ।” पार्टी कामलाई व्यवस्थित सञ्चालन गर्न थाले चाँडै जनताका बीच स्थापित हुने उहाँको भनाइ छ । अब लगत्तै यसै असोजको पहिलो सातामा बस्ने पार्टीको केन्द्रीय कमिटीको बैठकपछि पार्टी व्यवस्थित रुपले अघि बढ्ने खाका बन्ने उहाँले बताउनुभयो ।

मुलुक अहिले बाढीको विपत्ती झेली रहेको बेला यो अवस्थाबाट निस्कन आपसी सहकार्य, समन्वय र सहअस्तित्व आवश्यक रहेको पोखरेलको भनाइ छ । तर सङ्घीय सरकार भने एक्लै हिडेर पार लगाउने अहङ्कारमा रहेको पोखरेलले गुनासो थियो । “बाढीमा यो सरकारको अहङ्कारले मानवीय क्षति बढाएको छ” पोखरेलले भन्नुभयो, “बाढी आएकै दिन सुरुङ् पस्ने अनुमति देशविदेशका विज्ञले पाएका भए धेरैजना बाढीमा फसेकाहरुको जीउँदै उद्धार गर्नसकिन्थ्यो ।” प्रधानमन्त्री बालेन्द्र शाहले सुरुङ्भित्रको लेदो निकाल्ने प्रविधि विश्वमै छैन भनेको भोलिपल्ट नै विज्ञहरुले चार जनाको जिवित उद्धार गरेका प्रसङ्ग उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा सो दलका परराष्ट्र मामिला विभाग प्रमुख प्रदीप ज्ञवालीले नविनतम सूचना तथा सञ्चार प्रविधिको प्रयोग पार्टी काममा जोड्न नसक्दा आफूहरुविरुद्धका कुप्रचारको खण्डन हुन नसकेको औंल्याउनुभयो । पार्टी र पार्टी नेतृत्वका सरकारले हासिल गरेका उपलब्धी जनतामासम्म पुऱ्याउन नसक्दा क्षति व्यहोर्नु परेको ज्ञवालीको भनाइ छ । अब बस्तीबस्तीका सामाजिक विकासका मुद्दामा पार्टीको बलियो उपस्थिति बनाउँदै अघि बढ्न ज्ञवालीले अपिल गर्नुभयो । “हामीले पार्टीलाई पुनर्व्यवस्थित गर्नुछ” ज्ञवालीले भन्नुभयो, “आफ्ना कमजोरी पहिल्याएर सच्चिदै अघि बढ्नु अहिलेको आवश्यकता हो ।”

पार्टीका मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेशका आठवटै जिल्लाभित्रका केन्द्रीय सदस्यहरु, प्रदेश कमिटी सदस्यहरु, जिल्ला कमिटीका सदस्यहरु र स्थानीयतहका (पालिका) का पार्टी प्रमुखहरुको सहभागिता रहेको प्रदेश सचिव मनोज पौडेलले जानकारी दिनुभयो । एमाले मधेशले आउने असोजभित्र सबै वडा र कात्तिकभरिमा पालिका तहका अधिवेसन सम्पन्न गर्ने तालिका बनाएको पौडेलको भनाइ छ । कार्यक्रममा पार्टीका मधेश प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठसहितका नेताहरु सहभागी थिए ।

## साना किसान कृषि सहकारीद्वारा बाढीपीडितलाई १ लाख साढे ६८ हजार सहयोग

पुष्पराज खतिवडा

बारा, २३ भदौ/जीतपुरसिमरा उपमहानगरपालिका( १८ स्थित साना किसान कृषि सहकारी संस्था लिमिटेड मनहर्वाले भोटेकोशी बाढी तथा विपद् प्रभावितका लागि एक लाख अड्सी हजार पाँच सय सहयोग पठाउने निर्णय गरेको छ ।

आइतबार बसेको संस्थाको सञ्चालक समिति बैठकले रसुवा, नुवाकोट र धादिङ जिल्लाका विभिन्न शहर तथा गाउँबस्तीमा बाढी र विपत्तिका कारण ठूलो जनधनको क्षति भएकोप्रति दुःख व्यक्त गर्दै बाढी प्रभावितहरुको राहत, पुर्ननिर्माण र पुर्नस्थापनको लागि उक्त रकम सहयोग गर्ने निर्णय गरेको हो ।

विपत्तिमा परेका पीडित मानिसहरुको तत्काल उद्धार, राहत तथा पुनःस्थापनाका लागि उक्त सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एकमुष्ठ रूपमा पठाइने निर्णय भएको संस्थाकी अध्यक्ष नयनकला खड्काले जनकारी दिनुभएको हो ।

सहकारी संस्थाले उक्त रकम राहत कोष, संचालक समितिको बैठक भत्ता, कर्मचारीहरुको तलब र सदस्यहरुले यस वर्षको तीज पर्वमा दर खाने कार्यक्रमबापतको रकम कट्टा गरेर जम्मा गरेको अध्यक्ष खड्काले जानकारी दिनुभयो ।

संस्थाको संस्थागत उपसमिति अन्तर समूहहरु उचिडि, जैतापुर, लामिडाँडा, कुस्माडी, रामनगर, बडहर्वा लगायतबाट पनि यस वर्ष तीजमा दर खाने कार्यक्रमको रकम खर्च नगरेर बाढी पीडितहरुको लागि राहतमा दिने सहमति गरेका थिए ।

विपद्को यस कठिन घडीमा पीडितहरुको घाउमा मलम लगाउन सानो भए पनि राहत पुगोस् भन्ने उद्देश्यले सहयोग गरिएको संस्थाले जनाएको छ ।

यस्तै मंगलबार साँझ संस्थाले प्राकृतिक विपत्तिमा ज्यान गुमाएकाहरूप्रति दीप प्रज्वलन गरी श्रद्धाञ्जली अर्पण गरेको थियो । २०८३ भाद्र १० गते रसुवा, नुवाकोट र धादिङका विभिन्न महत्वपूर्ण स्थानहरूमा आएको ठूलो विनाशकारी प्राकृतिक विपत्तिमा परी ज्यान गुमाएका नागरिकहरूको सम्झनामा दीप प्रज्वलन तथा श्रद्धाञ्जली कार्यक्रम गरिएको हो जीतपुरसिमरा उपमहानगरपालिका( १८ बडहर्वास्थित साना किसान कृषि सहकारी संस्था लिमिटेड मनहर्वाको आयोजनामा सहकारीको कार्यालय अगाडि सडकमा उक्त कार्यक्रम आयोजना गरेको थियो

कार्यक्रमका सहभागीहरूले “शोकलाई शक्तिमा, विनाशलाई विकासमा बदलौं“ भन्ने मूल नाराका साथ मृतकहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेका थिए । विपत्तिबाट प्रभावित परिवारजनप्रति समवेदना प्रकट गर्दै संकटको यस घडीमा सबैलाई एकताबद्ध भएर अघि बढ्न समेत आह्वान गरिएको थियो ।

## पथलैयामा १२ महिलासहित ५० जनाद्वारा रक्तदान

सिमरा, २३ भदौ/जीतपुरसिमरा उपमहानगरपालिका( १ पथलैयामा मंगलबार बिहान आयोजित रक्तदान कार्यक्रममा ५० जनाले रगत दान गरेका छन् । स्थानीय संघसंस्थाको सक्रियतामा आयोजित कार्यक्रममा १२ महिला र ३८ जना पुरुषले रगत दान गरेका हुन्

रगत दान गर्ने महिलामा मिनाकुमारी लामा, मञ्जुदेवी बानियाँ, चन्द्रकला लामिछाने, रचना भट्ट, पूर्णवती आचार्य, सिर्जना श्रेष्ठ, गायत्री थपलिया, अनु लामिछाने, अस्मिता लामिछाने, तारा आचार्य, बिना पौडेल र चित्रकुमारी थापा कार्की रहेका छन् ।

यसैगरी पुरुषतर्फ शम्भु मण्डल, भुवन चाम्लिङ राई, राजेन्द्र खतिवडा, पासाङ लामा, विकास श्रेष्ठ, केशु थापामगर, तोयानाथ खनाल, प्रविण साह, मनिक धाउजु, सुमन थापा मगर, नविन ढुंगेल, प्रिन्स साह, मुकेश राउत, अशोक मण्डल, सन्नी साह, रोहित गुप्ता, जीतेन्द्र दास, उत्सव कंसकार, सुदर्शन श्रेष्ठ, रिपु तिवारी, सन्दीप गौतम, नरहरी प्रसाद, कृष्णहरी रायमाझी, रिकेश मल्ल, नेत्रप्रसाद मैनाली, मित्रलाल श्रेष्ठ, किरण विक, विकेश भुजेल, अभिशेक मगर, सुमन कुईकेल, रितेश यादव, एमडी अस्लम राइन, राजकुमार तामाङ, विपिन महतो, अनिक गुरुङ, अनुप गोले र विष्णु पौडेलले रक्तदान गरेका थिए । जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ को मुख्य सहयोग र पथलैया युवा जागरण क्लब, पथलैया दिव्यज्योती क्लब तथा अन्य सामाजिक संघसंस्थाको सहयोगमा कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा वीरगञ्जस्थित नेपाल रेडक्रस सोसाइटीले प्राविधिक सहयोग गरेको थियो ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# सरकारको काम र जनताको अपेक्षा

सरकार गठन भएको लामो समय बितिसक्दा पनि जनताले प्रत्यक्ष अनुभूति गर्ने गरी कामको परिणाम देखिन सकेको छैन। मन्त्रीहरूका भाषणमा 'समृद्धि' र 'सुशासन'का कुरा दोहोरिइरहेका छन्, तर बजारको महँगी, अस्पतालको भीड र सडकका खाल्डाखुल्डीले आम नागरिकको दैनिकीमा खासै परिवर्तन आएको देखिँदैन।

सरकारको पहिलो दायित्व जनताको जीवन सहज बनाउनु हो। यही आधारमा हेर्दा सरकारको कार्यसम्पादनप्रति प्रश्न उठ्नु स्वाभाविक छ।

अर्थतन्त्रको अवस्था पनि उत्साहजनक छैन। राजस्व संकलन कमजोर छ, पुँजीगत खर्च अपेक्षित गतिमा हुन सकेको छैन र उद्योग(व्यवसाय क्षेत्र दबाबमा छ। उत्पादन बढाउने सरकारी घोषणा व्यवहारमा प्रभावकारी देखिएको छैन। किसानले समयमै मल र आवश्यक कृषि सामग्री पाउन सकेका छैनन् भने युवाका लागि स्वदेशमै पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन। परिणामतः ठूलो संख्यामा युवा रोजगारीको खोजीमा विदेशिन बाध्य छन्।

सुशासनको अवस्था पनि सरकारको दाबीअनुरूप हुन सकेको छैन। भ्रष्टाचारका गम्भीर प्रकरणमा प्रभावकारी छानबिन र कारबाहीको अपेक्षा अझै पूरा हुन सकेको छैन। सरकारी सेवा प्रवाहमा ढिलासुस्ती, झन्झट र बिचौलियाको प्रभाव घट्नुको साटो कतिपय क्षेत्रमा अझै कायम छ। नागरिकले राज्यबाट सहज र पारदर्शी सेवा पाउनुपर्ने हो, तर सामान्य कामका लागि समेत अनावश्यक दुःख र हैरानी बेहोर्नुपर्ने अवस्था अन्त्य भएको छैन।

सरकारले केही विकास निर्माणका काम अघि बढाएको छ। तर ती काम जनताको अपेक्षाको तुलनामा पर्याप्त छैनन्। नागरिकले अब उद्घाटन, घोषणा र आश्वासनभन्दा कामको गति र परिणाम खोजिरहेका छन्। सरकार भनेको योजना सुनाउने र भाषण गर्ने निकाय मात्र होइन, निर्णय कार्यान्वयन गरेर परिणाम देखाउने संस्था हो।

त्यसैले सरकारका लागि अब प्राथमिकता स्पष्ट हुनुपर्छ( महँगी नियन्त्रण, उत्पादन वृद्धि, रोजगारी सिर्जना, सार्वजनिक सेवा सुधार र भ्रष्टाचार नियन्त्रण। राज्यको स्रोत सीमित छ भने त्यसको सदुपयोग झन् पारदर्शी र परिणाममुखी ढंगले हुनुपर्छ। विकास बजेट खर्च गर्न नसक्ने तर नयाँ योजना घोषणा गरिरहने प्रवृत्तिले सरकारप्रतिको विश्वास बढाउँदैन।

जनतालाई अहिले लामो भाषण होइन, छिटो निर्णय र त्यसको प्रभावकारी कार्यान्वयन चाहिएको छ। सरकारका उपलब्धि कागजमा होइन, नागरिकको दैनिकीमा देखिनुपर्छ( बजारमा महँगी घटेको, युवाले स्वदेशमै रोजगारी पाएको, किसानले समयमै मल पाएको र सरकारी कार्यालयमा सहज सेवा पाएको अनुभूति नै सरकारको सफलताको वास्तविक मापदण्ड हो।

अब सरकारसँग गुनासो गर्ने समय होइन, परिणाम दिने समय हो। 'हामी काम गर्दैछौं' भन्ने दाबीले मात्र जनताको भरोसा जोगिँदैन। जनताले सरकारको काम देख्न र त्यसको परिणाम भोग्न चाहेका छन्। त्यसैले सरकार अब भाषणभन्दा काम र घोषणाभन्दा कार्यान्वयनमा केन्द्रित हुनुपर्छ। जनताको अपेक्षा पूरा गर्ने यही नै सरकारको अग्निपरीक्षा हो।

# जेनजी आन्दोलनपछिको नेपाल




इतिहासमा केही राजनीतिक घटना केवल पात्र, सरकार वा सत्ता परिवर्तनका सानातिना घुम्ती र मोड मात्र हुँदैनन्; ती सिङ्गो राज्य र समाजलाई आफ्नो संरचना, उपस्थिति, विशेषता र चरित्र पुनरवलोकन गर्न बाध्य पार्ने 'ऐतिहासिक प्रस्थानविन्दु' बन्छन्। गत वर्ष भदौ २३ र २४ गते नेपाली सडकमा पोखिएको आन्दोलन त्यस्तै एउटा अवसर थियो। सडकमा उत्रिएको जेनेरेसन जेड (जेनजी) को प्रदर्शन केवल तत्कालीन प्रशासनिक प्रतिबन्ध वा सरकारप्रतिको तात्कालिक आक्रोश मात्र थिएन; त्यो त नेपाली राजनीतिमा दसकौँदेखि जरा गाडेर बसेको एकीकृत सत्ता-संस्कृति र केन्द्रीकृत राज्यले आमनागरिकको मनोविज्ञानमाथि लगाएको प्रतिबन्धविरुद्धको विस्फोट थियो।

### समाजशास्त्र र 'केन्द्र-भञ्जन'

परम्परागत नेपाली राजनीतिमा शक्ति प्रवाहको एउटा निश्चित रेखागणित थियो- नेता, पार्टी, कार्यकर्ता र मतदाता। राजनीति सधैँ शीर्ष तहको आदेशमा तलतिर बहन्थ्यो र सामान्य नागरिक केवल पाँच पाँच वर्षमा चुनावी छाप हान्ने मौन सहभागीमा सीमित थिए। जेनजीको प्रवेशले भने यस परम्परागत पिरामिडलाई उल्ट्याइदियो। नयाँ संरचना कस्तो बन्यो भने नागरिक, नेटवर्क, मुद्दा, सामूहिक दबाब र सत्ता हुने अवस्था सिर्जना भयो। यस किसिमको समाजशास्त्रीय रूपान्तरणलाई बुझ्न 'केन्द्र-भञ्जन' का चार आयामको विश्लेषण गर्नु आवश्यक छ।

राजनीतिक केन्द्रको भञ्जन : निर्णय प्रक्रिया केही सीमित शीर्ष नेता र दलगत घेराभित्र बन्दी हुने अभिजात संस्कृतिमाथि व्यापक नागरिक निगरानीको सुरुवात भयो। राजनीतिमा नवयुवाको उल्लेख्य प्रवेश भयो।

सूचना र भाष्यको केन्द्र-भञ्जन : परम्परागत सञ्चार माध्यम र राजनीतिक दलले निर्माण गर्ने एकपक्षीय भाष्यलाई चुनौती दिँदै 'डिजिटल नागरिकता' मार्फत सूचनाको लोकतन्त्रीकरणको अभ्यास गरियो।

ज्ञान-सत्ताको भञ्जन : 'राजनीति र राज्य सञ्चालन हाम्रा लागि हो, जनता अबोध हुन्' भन्ने संरक्षकीय राजनीतिक मनोविज्ञानमाथि प्रश्न उठेर आममान्छेका प्रतिनिधि, युवा राजनीतिको केन्द्रमा आइपुगे।

अवसरको केन्द्र-भञ्जन : नातावाद, कृपावाद र राजनीतिक पहुँचका आधारमा राज्यका स्रोत र अवसर वितरण हुने विभेदकारी संरचनाविरुद्ध जनआक्रोश बढेर क्षमतावान् जोसुकै आउने वातावरण निर्माण भयो।

तसर्थ, जेनजीलाई केवल उमेर समूह वा प्रविधिसँग जोडिएको पुस्ताका रूपमा मात्र बुझ्नु अपूरो हुन्छ। यो त राजनीतिक विशेषाधिकार, बेरोजगारी, सार्वजनिक सेवाको दुरवस्था, विश्व बुझेको र बुझ्न खोज्ने पुस्ताको र निरन्तरको संरचनात्मक निराशाबाट सिर्जित नयाँ सामाजिक-राजनीतिक चेतनाको उपज हो। यसले लामो समयदेखि चल्दै आएको 'नेताले जान्दछन्, नागरिकले पछ्याउँछन्' भन्ने सत्ताको परम्परागत भाषालाई अस्वीकार गर्दै प्रश्न गर्न निस्कियो- राज्य नागरिकका लागि हो कि नागरिक राज्यका लागि ? अनि ज्यान उत्सर्ग गर्न तयार भएर आयो। त्यसैको परिणाम भदौका दुई दिनको आन्दोलनले राजनीतिमा उथलपुथल ल्यायो। केन्द्रमा भएका पाखामा आइपुगे र छेउकुनामा भएका केन्द्रसम्म पुग्ने माहोल खडा भयो।

### आत्म-नियमनको परीक्षा

अत्यधिक दमनले नेपाली राज्यप्रणालीको गम्भीर सङ्कट उजागर गर्‍यो। जब राजनीतिक संस्था नागरिकका आकाङ्क्षा र असन्तोषलाई सम्बोधन गर्न असमर्थ हुन्छन् तब सडकले संस्थाको भूमिका लिन्छ। तत्कालीन प्रधानमन्त्रीको राजीनामा र सडकको आवाजमा पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको अन्तरिम सरकार हुँदै निर्वाचनसम्मको यात्राले सडकको तार्किक शक्ति पुष्टि गर्‍यो। सडकले सत्ता ढाल्न सक्छ तर के सडक आफैँमा शासनप्रणाली बन्न सक्छ ? यस पक्षलाई निर्ममतापूर्वक समीक्षा भने गर्नैपर्छ किनभने लोकतन्त्रमा प्रश्न बन्देज हुँदैन र प्रश्न हल गर्नका लागि हो; भाग्न, छलिनका लागि होइन। यस्ता गम्भीर विषयमा नयाँ पुस्ताका नेता र अनुभवी पुस्ताका नेता बसेर साझा निष्कर्ष निकाल्नु पर्छ। पुराना दलको असफलता स्वतः नयाँ पुस्ता वा नयाँ शक्तिको सक्षमताको प्रमाण र सुशासनको आधार हुन सक्दैन। आक्रोश प्रकट गर्नु र संस्थागत नीति निर्माण गर्नु फरक कुरा हुन्। प्रतिरोधबाट निर्माणतर्फ, सञ्जालबाट नीतितर्फ र जनप्रियतावादबाट सुशासनतर्फको यात्रा नै नयाँ पुस्ताको वास्तविक परीक्षा हो।

इतिहासले सिकाएको सबैभन्दा ठुलो पाठ के हो भने नेपालका पुराना राजनीतिक दलका नेता पनि कुनै समय त्याग, बलिदान, जेलनेल, सर्वस्वहरण, निर्वासन, भूमिगत सङ्घर्ष र जनयुद्धको चरणबाटै आएका थिए। पार्टी र नेताहरूले विगतमा लोकतन्त्र र गणतन्त्रका लागि बगाएको रगत, पसिना, आँसु र सहादत निश्चय नै सामान्य थिएन। उनीहरूको उद्देश्य भ्रष्ट हुने पनि थिएन तर सत्ता प्राप्तिपछि त्यसलाई सन्तुलनमा राख्ने संस्थागत नियन्त्रण, आत्मानुशासन र आफ्नै वृत्तभित्रका गल्तीप्रति निर्मम हुने नैतिक साहसको अभावमा उनीहरू पतनको बाटोमा लागे। भ्रष्टीकरण केवल घुस खानु मात्र होइन; आफ्ना मान्छेका गल्तीलाई 'राजनीतिक बाध्यता' भनेर ढाकछोप गर्नु, मन्त्री वा सांसदको अनुचित व्यवहारलाई पार्टीको प्रतिष्ठासँग जोडेर बचाउनु र कानुनलाई आफ्ना समर्थकका लागि लचिलो र अन्यका लागि कठोर बनाएर आफू अनुकूलको न्यायको अवधारणामा काम गर्नु पनि भ्रष्ट संस्कृतिकै निरन्तरता हो। अयोग्यलाई योग्य बनाएर अवसर प्रदान गर्नु र पटक पटक गल्ती दोहोर्‍याउनु पनि भ्रष्टीकरणकै रूप हो। जब बुद्धिजीवी, प्राज्ञिक व्यक्ति र स्वतन्त्र विश्लेषकले पनि सत्ताको गलत क्रियाकलापलाई राजनीतिक तर्क दिएर, सिद्धान्तको जलप लगाएर वैधता दिलाउन थाल्छन्; तब भ्रष्टाचार व्यवहार मात्र नरहेर राजनीतिक संस्कार बन्न पुग्छ।

अब बन्ने नयाँ नेपालका लागि केवल नयाँ अनुहार मात्र पर्याप्त छैनन्; नयाँ 'नैतिक र संस्थागत सामयिक चेत र चरित्र' आवश्यक छ। नयाँ शासन संस्कृतिको पहिलो सर्त अरूलाई कारबाही गर्नु होइन; आफ्नै शक्ति, आफ्नै दल र आफ्नै वृत्तभित्रको गलत प्रवृत्तिविरुद्ध निर्मम हुन सक्दा मात्रै शासकीय क्षमताको परिचय प्राप्त हुन्छ। जेनजी आन्दोलनको मूल मर्म र अभिप्राय भनेकै सुशासन हो। राजनीतिक शब्दावली 'सुशासन' को छाताभित्र तमाम विषय अटेका हुन्छन्। हर क्षेत्रमा सकारात्मक नतिजा र उत्साहका लागि नैतिक नेता र न्यायिक राज्य समतामूलक र सभ्य समाजका लागि 'सुशासन' आवश्यक हुन्छ। 'सुशासन' स्थापनाका लागि पनि कठोर निष्ठा सङ्कल्प र सुदूर भविष्य देख्ने द्रष्टा राजनीतिज्ञको खाँचो हुन्छ।

### विकास दर्शनको पुनर्गठन

जेनजी विद्रोहको एक वर्षको सम्मुखमा नेपालले भोगिरहेको अर्को विषम यथार्थ हो- जलवायु परिवर्तनका कारण निम्तिएको अभूतपूर्व बाढी, पहिरो र हिमाली विपत्। भदौ १० को बाढीपहिरोले रसुवा, नुवाकोट, धादिङ, गोरखा जिल्लालगायत देशका अन्य भागमा पुर्‍याएको खर्बौंको क्षति र जनधनको नोक्सानीले विकास र सुशासनको बहसमा अर्को नवीन आयाम थपेको छ। विपत् केवल 'प्राकृतिक' हुँदैननन्; तिनको क्षतिको मात्रा राज्यको शासकीय क्षमता र राजनीतिक निर्णयसँग जोडिएको हुन्छ। कहाँ बस्ती बसाउने ? कहाँ सडक खन्ने, कसरी नदी नियन्त्रण गर्ने, कस्तो पूर्वाधार बनाउने र पूर्वसूचना प्रणाली कसरी लागु गर्ने भन्ने कुरा विशुद्ध राजनीतिक र नीतिगत निर्णय हुन्। डोजरकेन्द्रित, अल्पदृष्टिपूर्ण र विनाशकारी विकास मोडेलले जोखिमलाई झन् बढाएको छ। अबको नेपाल निर्माणको एजेन्डा केवल राजनीतिक प्रणालीमा मात्र सीमित हुन सक्दैन; यसले विकासको परिभाषा नै बदल्न सक्नु पर्छ। विकास दर्शनको पुनर्पठन अनिवार्य गरिनु पर्छ।

जोखिम-सचेत विकास : सडकको लम्बाइ वा बजेट खर्चलाई मात्र विकास मान्ने परम्परा छाडेर पूर्वाधार कति दिगो, सुरक्षित र जलवायु प्रतिरोधी छ भन्ने आधारमा विकासको मापन गरिनु पर्छ।

जलवायु न्याय : नेपाल जस्तो कार्बनडाइअक्साइड, मिथेन आदि कम उत्सर्जन गर्ने तर उच्च जोखिममा रहेको मुलुकमा विपत्को मारमा पर्ने गरिब, ग्रामीण र सीमान्तकृत वर्गको सुरक्षालाई राज्यको पहिलो दायित्व बनाइनु पर्छ।

प्रविधि र पूर्वसूचना : हिमनदी र पहाडी भूगोलको निरन्तर अनुगमन, सीमापार सूचना आदानप्रदान र स्थानीय तहसम्म पूर्वसूचना प्रणालीको संस्थागत विकास आवश्यक छ।

लोकतन्त्र केवल निर्वाचनको अङ्कगणित नभई नागरिकको सम्मान, सुरक्षा, अवसर र भविष्यको सामाजिक सम्झौता बन्नु पर्छ। जेनजीले एउटा पुरानो राजनीतिक केन्द्रलाई चुनौती दियो। अब हामी सबैले मिलेर नयाँ राजनीतिक संस्कृति, नयाँ सामाजिक सम्झौता र नयाँ विकास दर्शन निर्माण गर्नुपर्ने छ। किनभने केन्द्र भत्काउनु परिवर्तनको सुरुवात हो; न्यायपूर्ण संरचना निर्माण गर्नु परिवर्तनको पूर्णताका लागि काम गर्नु आजको आधारभूत आवश्यकता हो। वर्तमानमा नेपालको मुख्य चुनौती राज्यको चरित्र बदल्नु हो। अवसरको समतामूलक वितरण, सभ्य, मर्यादित, सबै नागरिकको आत्मसम्मान रक्षा र देशको सार्वभौम सर्वमान्य राष्ट्रिय चरित्र निर्माण गर्नु हो।

गत वर्षको जेनजी विद्रोह र निर्वाचनले पुरानो एकाधिकारवादी सत्तालाई भत्काइदिएको छ। अबको मुख्य जिम्मेवारी शक्तिलाई एकै ठाउँमा केन्द्रित हुन नदिई स्थानीय तहसम्म विकेन्द्रित गर्नु र नागरिककेन्द्रित राज्य निर्माण गर्नु हो। क्रान्तिले ल्याएको परिवर्तनको यो सुवर्ण अवसरमा सत्ताको आत्मसंयम र नैतिक पुनर्जागरण अपरिहार्य छ। राज्यको चरित्र बदल्दै न्यायपूर्ण र बहुकेन्द्रित संरचना बनाउनु आजको प्रमुख राजनीतिक कार्यभार हो। परिवर्तनका लागि जीवन आहुति दिने समस्त सहिदमा हार्दिक श्रद्धासुमन !

**साभारः गोरखापत्र**




किस्ताबन्दिमा आफ्नुले खरिद गर्न चाहेको सामानहरु खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादकः- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादकः- गोकुल घोरसाइने,, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालयः- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रकः- के. एस. मल्टिप्रपोज प्रा.ली. बिरगंज, पर्सा ०५१-५९१८७३

| क.स | शाखा कार्यालय | कर्जा नं. | ऋणी सदस्यको नाम थर | ऋणीको स्थायी ठेगाना | ऋणीको ना.प्र.नं. | ऋणीको जारी मिति | ऋणीको तिनपुस्ते विवरण: पति र पिताको नाम | ऋणीको तिनपुस्ते विवरण: ससुरा र बाजेको नाम | व्यक्तिगत जमानीकर्ताको नाम | व्यक्तिगत जमानीकर्ताको ठेगाना | व्यक्तिगत जमानीकर्ताको ना.प्र.नं. | व्यक्तिगत जमानीकर्ताको जारी मिति | व्यक्तिगत जमानीकर्ताको तिनपुस्ते विवरण: पति र पिताको नाम | व्यक्तिगत जमानीकर्ताको तिनपुस्ते विवरण: ससुरा र बाजेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८६१ | लालगढ | 048L1003384 | सुमी माझी | मिथिला-९,धनुषा | 17-01-73-08209 | 2073/07/03 | सुमन माझी | कृष्ण बहादुर माझी | सुमन माझी | मिथिला-९,धनुषा | 17-01-72-00786 | 2072/01/30 | कृष्ण बहादुर माझी | मंगल सिं माझी |
| ८६२ | लालगढ | 048L1003339 | शिवतारा साह | बर्दिबास-२,महोत्तरी | 181074/534 | 2068/09/03 | शानी साह | राम आशिष साह | राकेश साह कानु | बर्दिबास-१४,महोत्तरी | 18-05-75-00222 | 2075/02/08 | भोला साह कानु | - |
| ८६३ | लालगढ | 048L1005538 | बिना महरा | बर्दिबास-२,महोत्तरी | 3701/2061/062 | 2061/10/14 | रामबाबु चमार | परमेश्वर चमार | रुपक महरा | बर्दिबास-२,महोत्तरी | 18-2-074/393 | 2071/05/29 | रामबाबु चमार | परमेश्वर चमार |
| ८६४ | लालगढ | 048L1003509 | मिना परियार | बर्दिबास-१४,महोत्तरी | 141045/88739 | 2064/12/13 | गणेश दमाई | राम सुन्दर दमाई | रुपक महरा | बर्दिबास-२,महोत्तरी | 18-2-074/393 | 2071/05/29 | रामबाबु चमार | परमेश्वर चमार |
| ८६५ | लालगढ | 048L1005498 | चन्चला देवि मण्डल | बेगाडावर-४,धनुषा | 1757 | 2063/04/28 | फुलगेन मण्डल | राम पृत मण्डल धानुक | लक्ष्मी हेन्जन | बेगाडावर-४,धनुषा | 173097/630 | 2063/10/23 | अशोक कुमार हेन्जन | ज्वाला सिंह हेन्जन |
| ८६६ | लालगढ | 048L1004695 | अनिता कुमारी साह सुडी | बेगाडावर-४,धनुषा | 173097/604 | 2063/10/23 | सुरेश साह सुडी | बच्चु साह सुडी | धिरज साह | मिथिला-८,धनुषा | 17-01-75-05435 | 2075/04/07 | सुरेश साह सुडी | बच्चु साह सुडी |
| ८६७ | लालगढ | 048L1005236 | रिता ठकुरी | शंकरपुर-२,सर्लाही | 19/2084/530 | 2069/05/25 | प्रतिक हमाल | पुष्प बहादुर हमाल | प्रतिमा हमाल | बर्दिबास-५,महोत्तरी | 422 (ख) | 2045/09/26 | पुष्प बहादुर हमाल | सेर बहादुर हमाल |
| ८६८ | लालगढ | 048L1004604 | प्रतिक हमाल | बर्दिबास-५,महोत्तरी | 422 (ख) | 2045/09/26 | पुष्प बहादुर हमाल | सेर बहादुर हमाल | रबिन गुरुङ | बर्दिबास-२,महोत्तरी | 18-2-074/1850 | 2073/03/06 | राज कुमार गुरुङ | - |
| ८६९ | लालगढ | 048L1005130 | तारा आले | रानीचुरी-६,सिन्धुली | 201052/197 | 2067/05/06 | राम बहादुर रैका मगर | नर बहादुर रैका मगर | राम बहादुर रैका मगर | पशुपतिनगर-२,महोत्तरी | 18-1-062/259 | 2069/07/22 | नर बहादुर रैका मगर | बुध बहादुर रैका मगर |
| ८७० | लालगढ | 048L1005150 | इन्दिरा भण्डारी | बर्दिबास-३,महोत्तरी | 183074/385 | 2063/11/03 | कृष्ण प्रसाद भण्डारी | खडानन्द भण्डारी | प्रकृति भण्डारी | बर्दिबास-१,महोत्तरी | 18-05-77-01487 | 2077/11/26 | कृष्ण प्रसाद भण्डारी | खडानन्द भण्डारी |
| ८७१ | लालगढ | 048L1005381 | श्रष्ट कुमारी श्रेष्ठ | बेगाडावर-७,धनुषा | 173097/1150 | 2063/10/27 | तेज नारायण श्रेष्ठ | राम बहादुर श्रेष्ठ | तेज नारायण श्रेष्ठ | हल्केवर-३,धनुषा | 35668253 | 2056/03/24 | राम बहादुर श्रेष्ठ | बिष्णु श्रेष्ठ |
| ८७२ | लालगढ | 048L1003838 | पुजा कुमारी झा | मिथिला-५,धनुषा | 17-01-72-04135 | 2072/04/12 | प्रदिप कुमार चौधरी | दिवाकर चौधरी | बिजय कुमार झा | तु.निकास-४,धनुषा | 98250824 | 2055/10/28 | राज किशोर झा | - |

# मौलापुर विद्युत् कार्यालय प्रमुखमाथि दुर्व्यवहार र अनियमितताको आरोप



मौलापुर, २३ भदौ / रौतहटको मौलापुरस्थित विद्युत् कार्यालयका प्रमुख उमेश दासमाथि कर्मचारी तथा सेवाग्राहीसँग दुर्व्यवहार गरेको र कार्यालय सञ्चालनमा मनोमानी गरेको आरोप लागेको छ। कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेयता कर्मचारीप्रति विभेदपूर्ण व्यवहार गर्ने गरेको उनीहरूको गुनासो छ।

कर्मचारीका अनुसार दासले कार्यालय सञ्चालनका क्रममा मनोमानी निर्णय गर्ने तथा कर्मचारीका जायज गुनासा बेवास्ता गर्ने गरेका छन्। कार्यालयको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै कर्मचारीहरूले पटक(पटक विरोधसमेत गरेको बताइएको छ।

कार्यालयबाट प्रदान गरिने विद्युत् सेवामा तोकिएको शुल्कबाहेक अतिरिक्त रकम माग्ने गरेको आरोपसमेत सेवाग्राहीले लगाएका छन्। नयाँ मिटर जडान, मिटर स्थानान्तरण र महसुलसम्बन्धी काममा अतिरिक्त रकम मागिने गरेको उनीहरूको गुनासो छ।

त्यस्तै, हुकिङ तथा अवैध विद्युत् प्रयोगका क्रममा नियन्त्रणमा लिइएका सामग्रीको व्यवस्थापनमा समेत प्रश्न उठाइएको छ। कर्मचारीहरूले कानुनी प्रक्रिया र बिल(भरपाइबिना रकम असुल गरी सामान फिर्ता गर्ने गरिएको हुनसक्ने आरोप लगाएका छन्। यद्यपि, यस आरोपको स्वतन्त्र पुष्टि हुन बाँकी छ।

कार्यालय प्रमुखमाथि सरकारी सवारीसाधन तथा अन्य कार्यालयीय स्रोतसाधन व्यक्तिगत प्रयोजनमा प्रयोग गरेको आरोपसमेत लागेको छ। कर्मचारीहरूले सरकारी साधनको प्रयोग र कार्यालयमा हुने आर्थिक कारोबारबारे सम्बन्धित निकायबाट छानबिन तथा नियमित अनुगमन गर्न माग गरेका छन्।

सेवाग्राहीले पनि अतिरिक्त रकम लिइएको भए त्यसको आधिकारिक शुल्क, बिल र रसिद सार्वजनिक गर्न माग गरेका छन्। स्थानीयवासीले कार्यालयको आर्थिक कारोबार पारदर्शी बनाउन लेखापरीक्षण तथा अनुगमन प्रभावकारी बनाउनुपर्ने बताएका छन्।

कर्मचारी र सेवाग्राहीबाट गम्भीर आरोप सार्वजनिक भएपछि नेपाल विद्युत् प्राधिकरणको सम्बन्धित माथिल्लो निकायले निष्पक्ष छानबिन गर्नुपर्ने माग उठेको छ। आरोप प्रमाणित भए नियमअनुसार कारबाही र प्रमाणित नभए आरोपबारे तथ्यसहित स्पष्ट पार्नुपर्ने स्थानीयवासीको भनाइ छ। यस विषयमा कार्यालय प्रमुख दास तथा नेपाल विद्युत् प्राधिकरणको आधिकारिक प्रतिक्रिया भने प्राप्त हुन सकेको छैन।

# जनकपुरमा पोखरीको जमिनमा निर्मित संरचना हटाउने सूचनापछि स्थानीय आन्दोलित

जनकपुरधाम, २३ भदौ / जनकपुरधाममा राजगुठी अन्तर्गतका पोखरी र पोखरी डिलमा बनाइएका संरचना हटाउन सूचना जारी भएसँगै स्थानीय आन्दोलित बनेका छन्।

जनकपुरधाम वडा नम्बर १४, रजौलस्थित लक्ष्मी पोखरी आसपासका बासीहरुले जग्गा किनेर घर बनाएको, त्यसको कर तिर्ने गरेको, बिजुली तथा पानीको बिल लगायतका सबै सरकारी कागजात हुँदाहुँदै आफूहरूलाई घर खाली गर्न पत्र पठाइएको भन्दै आपत्ति जनाएका छन्। घर खाली गर्न सूचना दिइएसँगै आन्दोलित उनीहरूले आज पिडारी चोकमा एक घण्टाभन्दा बढी समय राजमार्ग अवरुद्ध गरेका थिए।

सो क्रममा उनीहरूले सरकारविरुद्ध चर्का नाराबाजीसमेत गरेका थिए। राजमार्ग अवरुद्ध गरेपछि प्रहरीले सामान्य बल प्रयोग गरेर प्रदर्शनकारीलाई हटाएको थियो।

गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदल २०६२ को प्रतिवेदन कार्यान्वयन समितिले गत शुक्रबार उपमहानगरपालिका भित्रका १५ वटा पोखरी र पोखरीको डिलमा निर्माण गरिएका संरचना ७ दिनभित्र हटाउन सार्वजनिक सूचना जारी गरेको थियो। समितिले सूचनामा भनेको थियो, 'तोकिएको समयसिमा भित्र खाली नगरे कानुन अनुसार खाली गराइनेछ।'

सूचना अनुसार पोखरी डिलमा निर्माण गरिएका घरहरू भत्काइने त्रासमा रहेका स्थानीयहरू सडक आन्दोलनमा उत्रिएका हुन। आन्दोलनमा सहभागी राजोदेवी मण्डलले २६ वर्षदेखि जग्गा किनेर घर बनाएर बसेकोमा एक्कासि सरकारले भत्काउने सूचना पठाएपछि आफूहरू मर्कामा परेको बताउनुभयो।

सोही स्थानका अर्का स्थानीय धर्मराज यादवले आफूहरू बसोबास गरेको जग्गा गुठीको नभएको र २०४६ को नापी अनुसार लालपुर्जा पाउनुपर्नेमा उल्टै भत्काउने सूचना जारी हुनु आफैंमा त्रुटिपूर्ण रहेको बताउनुभयो।

स्थानीय गृहिणी पेमा देवीले आफूहरू बसेको जग्गा अतिक्रमण गरेको नभइ किनेर बसेको बताउनुभयो। 'अहिले सरकारले गर्न खोजेको पोखरीको सौन्दर्यकरणको विरोधी हामी होइनौं। व्यवस्थित बनाउनुपर्छ, तर थातथलो नै उठाउने गरी स्थानीयबासीको बस्ती हटाउने कुरा हामीलाई मान्य छैन।' उहाँले भन्नुभयो

स्थानीय वडा सदस्य रमेशकुमार साहले अतिक्रमण हटाउने नाममा राज्यले स्थानीयबासीलाई आतङ्कित बनाउने काम गरेको आरोप लगाउनुभयो

समितिले खाली गराउन सूचना जारी गरेको लक्ष्मी पोखरीको डिलमा ४२ वटा कच्ची तथा पक्की घरहरू रहेको वडासदस्य साहले जानकारी दिनुभयो। गुठी संस्थानले २०४६ सालको स्रेस्ता हेर्ने हो भने सबै प्रमाणित हुने भए पनि त्यो हेर्नतर्फ ध्यानै नदिएको उहाँको गुनासो छ।

स्थानीयबासीहरूले यसमा पुनः छानबिन गरी सत्यतथ्य निकाल्न माग गरेका छन्। छानबिनबाट प्रमाणित भए आफूहरू सहजै रूपमा त्यो क्षेत्र खाली गरिदिने उनीहरूको भनाइ छ।

गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदल २०६२ को प्रतिवेदन कार्यान्वयन समितिले भदौ १९ गते सार्वजनिक सूचना जारी गर्दै जनकपुर उपमहानगरपालिकाभित्र रहेका देवान पोखरी (चन्द्र कूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (बिराही), गेन्ही पोखरी, ठाडी पोखरी, लक्की पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लक्की पोखरी, लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्नि कुण्ड, सीता कुण्ड, बिहार कुण्ड, देवान पोखरी (चन्द्र कूप) लगायतको अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरेको छ।

# मधेसमा गत आर्थिक वर्षमा १५४ हेक्टर वन क्षेत्र



जनकपुरधाम, २३ भदौ / मधेश प्रदेशका विभिन्न जिल्लामा वन अतिक्रमण नियन्त्रण अभियानलाई गति दिएको छ। गत आर्थिक वर्ष २०८२(०८३ मा मधेस प्रदेशका जिल्लामा १५४ दशमलव ५५ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमण मुक्त गरिएको मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामले जनाएको छ।

वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका अनुसार सो अवधिमा सबैभन्दा बढी पर्सामा १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ। त्यस्तै बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा तीन दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको हो।

वन क्षेत्रको जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाएर ती क्षेत्रलाई पुनःवनको संरक्षण र व्यवस्थापनमा ल्याइएको सूचना अधिकारी चौधरीले बताउनुभयो। उहाँका अनुसार वन अतिक्रमण नियन्त्रणसँगै चोरी(तस्करी नियन्त्रण र वन संरक्षणमा कार्यालयले सक्रियता बढाएको छ।

वन संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि प्रदेशका विभिन्न जिल्लामा गत आवमा ३२ लाख ३९ हजार ८१० बिरुवा उत्पादन गरी २६१ दशमलव ७७ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको छ।

जिल्लागत रूपमा सबैभन्दा बढी सर्लाहीमा आठ लाख ६३ हजार ९७०, सप्तरीमा पाँच लाख तीन हजार ६४०, सिरहामा चार लाख १५ हजार, धनुषामा चार लाख तीन हजार, महोत्तरीमा दुई लाख २० हजार, बारामा चार लाख ३४ हजार २०० र पर्सामा चार लाख बिरुवा उत्पादन गरिएको वन निर्देशनालयले जनाएको छ।

वृक्षरोपणतर्फ सप्तरीमा ९५ हेक्टर, धनुषामा ६६ दशमलव ५ हेक्टर, बारामा ४३ दशमलव ५३ हेक्टर, महोत्तरीमा २० हेक्टर, सिरहामा २६ हेक्टर, सर्लाहीमा आठ दशमलव ५ हेक्टर र पर्सामा दुई दशमलव २४ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको सूचना अधिकारी चौधरीले जानकारी दिनुभयो।

चालु आर्थिक वर्षमा मधेस प्रदेशमा वन क्षेत्रबाट उल्लेख्य परिमाणमा काठ तथा दाउरा उत्पादन भएको छ। वन निर्देशनालयका अनुसार हालसम्म ८ लाख ६५ हजार २७३ दशमलव २६ घनफिट काठ उत्पादन भएको छ।

सबैभन्दा बढी सर्लाहीमा तीन लाख ५१ हजार ७५९ दशमलव ५ घनफिट काठ उत्पादन भएको छ। त्यस्तै सप्तरीमा ६५ हजार २९ दशमलव ४९, सिरहामा ६७ हजार ८७६ दशमलव ६७, धनुषामा सात हजार ६२३ दशमलव ७२, महोत्तरीमा ७८ हजार ५१६ दशमलव ९८ र बारामा ९४ हजार ४६६ दशमलव ९ घनफिट काठ उत्पादन भएको सूचना अधिकारी चौधरीले बताउनुभयो।

सोही अवधिमा एक हजार २५६ चट्टा दाउरा उत्पादन भएको छ। सप्तरीमा ३५ दशमलव ३६, सिरहामा २२ दशमलव ५७, धनुषामा सात दशमलव ३८, महोत्तरीमा १९६ दशमलव ८९, सर्लाहीमा ७५१ दशमलव ९५ र बारामा २४२ चट्टा दाउरा उत्पादन भएको जनाइएको छ।

वन पैदावारको बिक्री वितरणतर्फ भने हालसम्म पाँच लाख तीन हजार ७९९ दशमलव २७ घनफिट काठ बिक्री वितरण गरिएको छ। काठ बिक्रीबाट प्रदेश सरकारलाई उल्लेख्य राजस्वसमेत प्राप्त भएको छ।

काठ तथा दाउराको बिक्री, वन पैदावारको उपयोग र अन्य वनजन्य गतिविधिलगायतका शिर्षकबाट रु पाँच करोड ८५ लाख ५० हजार १९० राजस्व सङ्कलन भएको सूचना अधिकारी चौधरीले बताउनुभयो।

वन निर्देशनालयका निर्देशक सुभाषचन्द्र दासले वन कर्मचारीको सक्रियताका कारण वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाउन तथा वन चोरी(तस्करी नियन्त्रणमा सफलता मिलेको बताउनुभयो। वन संरक्षणसँगै अतिक्रमण नियन्त्रण, वृक्षरोपण र वन पैदावारको व्यवस्थित उपयोगलाई प्राथमिकतामा राखिएको उहाँले बताउनुभयो।

# सर्लाहीका एसपीलाई धम्क्याउने नेकपा नेता यादव ४ वर्षपछि पक्राउ



सर्लाही, २३ भदौ / नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता अशोक यादव पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सर्लाहीका तत्कालीन प्रहरी प्रमुख (एसपी) योगेन्द्रकुमार खड्कालाई धम्क्याएको तथा गालीगलौज गरेको आरोपमा यादव पक्राउ परेका हुन्।

प्रहरीका अनुसार २०८२ साल असारमा तत्कालीन एसपी खड्कालाई गालीगलौज तथा धम्की दिएको आरोपमा यादवविरुद्ध जिल्ला प्रहरी कार्यालय सर्लाहीमा आपराधिक उपद्रवसम्बन्धी मुद्दा दर्ता भएको थियो मुद्दा दर्तापछि यादव फरार रहँदै आएका थिए। सोही मुद्दामा उनलाई प्रहरीले आज दिउँसो पक्राउ गरेको प्रहरी स्रोतले जनाएको छ।

# भोटेकोसी बाढीमा बेपत्ता कालिकामाईका दुई युवाको कुशको शव बनाएर संस्कार

वीरगञ्ज, २३ भदौ / रसुवाको भोटेकोसीमा भाद्र १० गते आएको बाढीपछि सम्पर्कविहीन भएका पर्सा जिल्लाको कालिकामाई गाउँपालिकाका दुई जनाको परिवारले आज कुशको पुतला (प्रतीकात्मक शव) बनाएर अन्तिम संस्कार गरेका छन्।

बाढीका क्रममा नुवाकोटबाट सम्पर्कविहीन भएका कालिकामाई गाउँपालिका(०१ निवासी १९ वर्षीय आरभ चौरसिया र कालिकामाई गाउँपालिका( २ निवासी २८ वर्षीय आलोक चौरसिया हालसम्म फेला नपरेको तथा सम्पर्कमा पनि नआएको परिवारजनले बताएका छन्।

लामो समयसम्म खोजतलास तथा प्रतीक्षापछि अब भेटिने आशा न्यून भएको भन्दै परिवारले धार्मिक परम्पराअनुसार कुशको शव बनाई अन्तिम संस्कार गरेको जनाइएको छ।

स्थानीयका अनुसार बेपत्ता दुवै जनाको अवस्था अज्ञात रहेकाले परिवार शोकमा डुबेको छ। परिवारजनले घटनाबारे सम्बन्धित निकायसँग समन्वय गरी खोजी कार्यलाई थप प्रभावकारी बनाउन पनि आग्रह गरेका छन्।